नेपाल NEPAL

नेपाल एसबिआई बैंक लिमिटेड

**NEPAL SBI BANK LTD.**

केशरमहल, काठमाडौं, नेपाल, फोन नं.: ०१-४४३५६१३

# आ.व. २०७९/८० र आ.व. २०८०/८१ मा बैंकलाई आवश्यक पर्ने सेवा आपुर्ति गर्ने फर्म/कम्पनीको सूचीकरण बारे

सूचना प्रकाशित मितिः २०७९/०२/११

यस बैंकलाई आ.व. २०७९/८० र आ.व. २०८०/८१ को लागि आवश्यक पर्ने तपसिलमा उल्लेखित सेवाहरू आपूर्ति/प्रवाह गर्ने प्रयोजनको लागि सम्बन्धित क्षेत्रमा कारोबार गर्ने स्वीकृती प्राप्त गरेका इच्छुक रजिष्टर्ड फर्म/कम्पनीहरूको सूची दर्ता गराउनु पर्ने भएकाले आफुले आपूर्ति/प्रवाह गर्ने सेवाहरूको विवरण, फर्म/कम्पनी दर्ता प्रमाणपत्र (नविकरण/अद्यावधिक सहित) स्थाई लेखा नम्बर (PAN) दर्ता प्रमाणपत्र तथा मूल्य अभिबृद्धी कर (VAT) दर्ता प्रमाणपत्र, आ.व. २०७६/७७, २०७७/७८ को कर चुक्ता प्रमाणपत्र तथा लेखापरीक्षण भएको वित्तीय विवरण, कार्यदक्षता तथा अनुभवको पत्रको प्रतिलिपी (बैंक तथा वित्तीय संस्थामा कार्य गरेको कार्य अनुभवलाई विशेष प्राथमिकता दिइनेछ) सहितको आवेदन मिति २०७९/०२/२० गते भित्रमा यस बैंकको प्रधान कार्यालय, केशरमहल, लैनचौर, काठमाण्डौ स्थित सामान्य सेवा विभागमा दर्ता गराउन हुन सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ।

सूचिदर्ता गराउनुपर्ने कार्यहरूको विवरणः

| सि.न. | विवरण |
|---|---|
| १ | आन्तरिक सजावट तथा निर्माण, रंगरोगन, फ्लोरिङ, फर्निसिङ् आपूर्ति तथा मर्मत सम्भार (Contractors)। |
| २ | लेआउटको डिजाइन, अनुमानित लागतको गणना र सिभिल, आन्तरिक सजावट, फर्निचर/फर्निसिङ, विद्युतीय तथा सम्बद्ध कार्यहरू को वि.ओ.क्यू तयार पार्ने (Consultants) |

**अन्य जानकारीहरूः**

- इच्छुक आवेदनकर्ताले यो सुचना प्रकाशित भएको मितिले १० दिन भित्र (मिति २०७९/०२/२० गते भित्र) यस बैंकको सामान्य सेवा विभागमा सम्पर्क गरी सूची दर्ता सम्बन्धी प्रस्ताव फारम लिन/बुझाउन सकिनेछ। सूची दर्ता सम्बन्धी फारम रु. ५,०००/- नगद जम्मा (फिर्ता नहुने गरी) गरेको भौचर पेश गरी लिन सकिनेछ। थप जानकारीहरू प्रस्ताव फारममा उपलब्ध हुनेछ।
- आवेदन दिने इच्छुक रजिष्टर्ड फर्म/कम्पनीहरूले कम्तीमा ५ वर्ष (For Consultant) तथा कम्तीमा १० वर्ष (For Contractors) सम्बन्धित प्रकृतिको कार्य गरेको अनुभव प्राप्त गरेको हुनुपर्ने र साथै सो सम्बन्धी प्रमाण पेश गर्नुपर्ने छ।
- सूचिकृत हुन आवेदन पेश गर्ने आवेदक फर्म/कम्पनीहरू मध्येबाट कार्यक्षमता, कार्यअनुभव तथा दक्षतालाई आधार मानी योग्य ठहरिएका फर्म/कम्पनीहरूलाई मात्र सूचिकृत गरिनेछ।
- यसरी सूचिकरणमा परेका फर्म/कम्पनीहरूबाट (For Contractors) बैंकको आवश्यकता अनुसारको वस्तु तथा सेवा खरीद गर्न कोटेशन घटाघट वा बोलकवोलद्धारा भाग लिन अनुरोध गरिनेछ र सोमध्ये न्युन मुल्यमा तोकिएको मापदण्ड एवं गुणस्तरको वस्तु तथा सेवा उपलब्ध गराउन फर्म/कम्पनीको छनौट गरी खरीद आदेश दिईनेछ।
- सूचिकृत हुन आवेदन पेश गर्ने आवेदक फर्म/कम्पनीको चालु अवस्थाको कार्यालय रहेको हुनुपर्नेछ।
- सूचिकृत हुन आवेदन पेश गर्ने आवेदक फर्म/कम्पनीले प्रस्तावको साथ आफ्नो फर्मको संक्षिप्त विवरण समेत पेश गर्नुपर्नेछ।
- सूचिकृत भएका फर्म/कम्पनीहरूले आ.व. को समाप्ती पछी कर चुक्ता प्रमाणपत्रको प्रतिलिपि उपलब्ध गराउनु पर्नेछ। कर चुक्ता नभएको खण्डमा कुनैपनी बेला सूचिकरणबाट हटाउन सकिनेछ।
- यसरी सुचिकृत भएका फर्म/कम्पनीहरूले उपलब्ध गराएका वस्तु तथा सेवाहरू तोकिएको मापदण्ड एवं गुणस्तर बमोजिमको नभएमा वा कार्यसम्पादन शैली सन्तोषजनक नरहेमा उक्त फर्म/कम्पनीलाई बिना पुर्वसूचना वस्तु तथा सेवा उपलब्ध गराउने सूचीबाट हटाउन समेत सकिनेछ।
- प्राप्त आवेदनका आधारमा ईच्छुक आपुर्तीकर्तालाई सूचीकरण गर्ने वा नगर्ने तथा सूचिकरण पश्चात बैंकको माग बमोजिम आपुर्तीकर्ताले बैंक समक्ष पेश गर्ने बोलपत्र वा कोटेशन स्वीकृत वा अस्वीकृत गर्ने तथा स्वीकृत बोलपत्र वा कोटेशनका आधारमा खरिद आदेश दिने, नदिने वा दिईएको आवेदनलाई रद्द वा स्वीकृत बोलकबोल मुल्यका सम्बन्धमा पुनः नेगोशिएसन गर्ने सर्वाधिकार बैंक संग सुरक्षित रहनेछ। सूचीकरण नगरेको वा खरिद आदेश रद्द भएको अवस्थामा कुनै कारण खुलाउन बैंक बाध्य हुनेछैन।
- यस सम्बन्धी थप जानकारीको लागि यस बैंकको प्रधान कार्यालयमा रहेको सामान्य सेवा विभागमा सम्पर्क गर्न सकिनेछ।

**सामान्य सेवा विभाग**